# ज्वालामूखी गाउँपालिकाको स्थानीय प्रशासकीय कार्यविधि

# ऐन, २०७५

ज्वालमूखी गाउँपालिका
धादिङ जिल्ला
३ नं. प्रदेश
नेपाल

# ज्वालामूखी गाउँपालिकाको स्थानीय प्रशासकीय कार्यविधि
# ऐन, २०७५

## प्रकाशक

**ज्वालामूखी गाउँपालिकाको कार्यालय**
**साँधभञ्ज्याङ, धादिङ**
Email :info@jwalamukhimun.gov.np
Website: jwalamukhimun.gov.np

# ज्वालामूखी गाउँपालिकाको स्थानीय प्रशासकीय कार्यविधि ऐन, २०७५

**प्रमाणीकरण**
**मिति :२०७५।०३।२५**

## ज्वालामूखी गाउँपालिकाको स्थानीय प्रशासकीय कार्यविधि ऐन,

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम **ज्वालामूखी गाउँपालिका**को सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **ज्वालामूखी गाउँपालिका**को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन **ज्वालामूखी गाउँपालिका**का क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले **ज्वालामूखी गाउँपालिका**को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले **ज्वालामूखी गाउँपालिका** कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले **ज्वालामूखी गाउँपालिका** सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त **ज्वालामूखी** गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही **ज्वालामूखी** गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।